मेरो लैङ्गिकता मिडियालाई किन अमान्य ?

लेखक : रुक्शना कपाली
प्रकाशक : शिलापत्र मिडिया प्रा.लि. https://shilapatra.com/detail/72985
प्रकाशित मिति : नेपाल संवत् ११४२ थिंला २४

आफ्नो जीवनमा स्मरण भएको समयदेखि समाजले खुट्टाबीचको अङ्ग हेरेर तोकिदिएको र आफ्नो अन्तरबोधले अनुभूति गरेको लैङ्गिकताबीचको द्वन्द्वले मेरो जीवनलाई पनि द्वन्द्वमय बनाएको थियो । तर, कक्षा ८ मा पढ्दै गर्दा लोकप्रिय हास्यकलाकार सन्तोष पन्तकी छोरीको समाचार सुनेपछि पहिलोपटक देख्न सुन्न पाएको 'ट्रान्सजेन्डर' शब्दले शान्त पारेको थियो, त्यो अन्तरद्वन्द्व ।

१५ वर्षकै उमेरदेखि आफ्नो लैङ्गिक पहिचानअनुसार जीवनयापन गर्छु भनी आँटेको झण्डै सात वर्ष भयो । यो सात वर्षको कालखण्डमा मेरो लैङ्गिकताका लागि मैले अनेकौं संघर्ष गर्नुपऱ्यो । त्यसमा मुख्यतः सामाजिक र कानुनी संघर्ष नै रहे । तर, यो संघर्षरत समयावधिमा जनताको आवाजलाई बुलन्द पार्ने हामी राज्यको चौथो अङ्ग भनेर आत्मगौरवको ध्वजा फरफराउने सञ्चारमाध्यमको भूमिकाले एउटा थप संघर्ष थप्यो ।

सन् २०१९ को गृष्ममा एकाबिहानै एउटा नाम चलेको सञ्चारगृहका पत्रकारबाट फोन आयो । मैले चिनेकै कुनै व्यक्तिमार्फत मेरो सम्पर्क नम्बर प्राप्त गरेको र मैले विश्वविद्यालयमा आफ्नो लैङ्गिकताका कारण भोग्नुपरेको समस्याबारे समाचार बनाउन चाहेको इच्छा प्रकट गरे । नाम चलेकै सञ्चारगृह हो, चिनेकै मान्छेले सम्पर्क दिएपछि, आफ्नो समस्या पनि उजार हुन्छ र यसरी मूलधारको सञ्चारमाध्यमबाट यो प्रवाह हुँदा सम्बन्धित निकायको ध्यानाकर्षण र तिनलाई दबाब पनि मिल्ला भन्ने आसले मैले उनको प्रस्तावलाई स्वीकार गरेँ ।

समाचारका लागि अन्तर्वार्ताको एक दिनअगावै उनले भेटेर मेरो कुरा बुझ्न आग्रह गरे । त्यहीअनुसार हामी एक क्याफेमा भेट भयौँ र मैले आफ्नो बेलीविस्तार सुनाउन लागेँ । उक्त संवादमा मैले आफूले भोग्नुपरेका समस्याहरू बताएँ, तिनले पनि ध्यान दिएर सुने । दुई घण्टाको उक्त संवादका क्रममा मलाई कुनै अप्ठ्यारो वा असहज अवस्था सिर्जना भएन र मैले आफ्नो मनलाई पनि छरपस्ट पारेँ ।

उक्त भेटघाटको भोलिपल्ट अन्तर्वार्ता भयो, बि-रोलहरू खिचिए । खिचिएको अन्तर्वार्तामा पनि मैले मेरो समस्या तथा अनुभवहरू दुरुस्तै पोखेँ । त्यसको ठीक दुई दिनपछि टीभीमा समाचार सम्प्रेषण भएछ । यसो हेर्न मात्र के थालेको 'उच्च शिक्षामा तेस्रो लिङ्गी...' भनेर वाचन गर्न थालियो । १० मिनेटको उक्त भिडियोमा म छानाबाट खसेसरि हेर्नुपर्‍यो ।

मैले आफ्नो लैङ्गिक पहिचानका कारण विश्वविद्यालयमा भोग्नुपरेको समस्या एक प्रकृतिको थियो, तर त्यसलाई तोडमोड गरेर प्रस्तुत गरियो । मैले हाम्रो अन्तर्वार्तामा स्पष्ट भनेको थिएँ, 'मेरो लैङ्गिकता महिला हो । मेरो जन्मँदा इङ्गित गरिएको लैङ्गिकता (जेण्डर एसाइन्ड एट बर्थ) भन्दा मेरो स्वःअनुभूतिको लैङ्गिकता वा मेरो लैङ्गिक पहिचान फरक भएकाले मलाई व्याख्या गर्न 'ट्रान्सजेन्डर' शब्दको प्रयोग गर्न सकिन्छ । यसलाई खस-नेपालीमा 'पारलैङ्गिक' भन्ने गरेका छौँ । मलाई 'पारलैङ्गिक महिला' भनेर सम्बोधन गर्दा हुन्छ ।' सायद यही सन्दर्भ नबुझ्लान् भनेर मैले हाम्रो भेटघाटमा यो विषयमा विशेष जोड दिएको थिएँ । तर, मैले आफूलाई जन्मँदा इङ्गित गरिएको लैङ्गिकता, जुन मलाई जन्मनासाथ अरुले निर्धारण गरिदिएको थियो र त्यसमा मेरो कुनै स्वतन्त्र निर्णय थिएन, त्यस विवरणलाई संशोधन गरी आफ्नो स्वःअनुभूतिको लैङ्गिकता अर्थात् महिला भनी कायम गर्न चाहेको विषयलाई 'तेस्रो लिङ्गी भएका कारणले शिक्षाबाट वञ्चित', 'पुरुषबाट महिला' जस्ता सन्दर्भमा प्रस्तुत गरियो ।

उक्त समाचार हेरेपछि मैले उक्त सञ्चारगृहको पत्रकारलाई सम्पर्क गरेँ । उनले सबै दोष सम्पादकमाथि थोपरे । 'सम्पादकले तेस्रो लिङ्गी भनेरै लेख्नुपर्छ भनेर मान्दै मानेनन्' भन्ने उत्तर आयो । पछि कुरा बुझ्दा त ती पत्रकार भनेका स्वयम् नै सह-सम्पादक रहेछन् ।

मैले सरकारी कार्यालयहरूमा आफ्नो नागरिकतामा महिला कायम गरिपाऊँ भनी निवेदन गर्दैगर्दा, नाम चलेको उक्त सञ्चारगृहमा तेस्रो लिङ्गी भनेर समाचार सम्प्रेषण हुँदा 'तपाईं मिडियामा गएर एक थरी कुरा गर्ने, अनि यहाँ हामीलाई एकथरी झन्झट गर्न आउने ?' भन्नेसमेत कुरा सुन्नुपर्‍यो ।

व्यक्ति स्वयम्ले म आफूलाई यसरी पहिचान गर्छु भन्दाभन्दै त्यसविपरीत सम्बोधन गर्नु कहाँसम्मको अपहेलना हो ? र, त्यति मात्र नभएर त्यसरी गलत सम्बोधन हुँदा ध्यानाकर्षण गराउँदासमेत नसच्याउने, 'त्यसरी नै भन्ने गरेका छौँ, त्यस्तै चलन छ' भनेर गल्तीको जिम्मेवारीबाट पन्छिन खोज्नु कहाँसम्मको दुर्व्यवहार हो ?

त्यति मात्र नभएर उक्त समाचार सम्प्रेषण भएको केही महिनायतासम्म पनि सार्वजनिक स्थानमा 'यो त तेस्रो लिङ्गी' होइन भन्ने खुसुरफुसुरहरू सुन्नुपर्‍यो । छरछिमेकमा आफूलाई महिलाको पहिचानमा स्थापित गर्न त्यतिका वर्षको संघर्षमा पानी खन्याएको जस्तो अनुभव भयो, 'व ला तेस्रो लिङ्गी धकाः तिभिइ बियाः हल (ऊ त तेस्रो लिङ्गी भनेर टीभीमा दिएर ल्यायो)' ।

उक्त मिडियाको घटनापछि मलाई मिडिया र पत्रकारबाट 'ट्राउमाडाइज' भएको थियो । कुनै मिडियाले अप्रोच गरेमा अत्यन्तै सावधानी अपनाउने निर्णय गरेँ । त्यसपछिका केही अरु पत्रकारहरूले अप्रोच गर्दा मैले उनीहरूलाई 'गाह्रो' नै बनाइदिएको थिएँ । मलाई महिला र त्यसअन्तर्गत पारलैङ्गिक महिला भनेर सम्बोधन गर्नुपर्छ भनेर कागज बनाएर सहीछापसमेत गराएको थिएँ ।

तर, सञ्चारगृहका लागि मलाई आएर सोध्नु मात्र माध्यम थिएन । इन्टरनेटमा पाएको सामग्रीकै प्रयोग गरेर समाचार बनाउने पनि रहेछन् । एउटा सञ्चारगृहले समाचार बनाएपछि सयौँले त्यही कपी-पेस्ट गरेर प्रकाशन गर्ने चलन रहेछ । त्यही क्रममा कतिपय कुराहरू अर्कै बन्नसमेत पुगेको छ ।

स्नातक तहमा रजिस्ट्रेसनको समस्यालाई कतिपय मिडियाहरूमा मैले स्नातकोत्तर गर्ने क्रममा रजिस्ट्रेसन दिइएन भनेर लेखिएको पाइयो । शिक्षाक्षेत्रमा समाचार सम्प्रेषण गर्ने अर्को मिडियाले पनि द्वितीय स्रोतबाट मेरोबारेमा समाचार बनाइदिएछन् । त्यस समाचारमा पनि म महिला भएको तथ्यलाई स्वीकार गर्न

चाहेनन्, बरू आफूखुसी तेस्रो लिङ्गी भनेर सम्बोधन गरियो । त्यति मात्र होइन, मेरा कतिपय गोप्य राख्न चाहेका वा गोपनीयताअन्तर्गत मैले मान्ने गरेका विषय पनि अनुमान वा हावादारी ढङ्गले उल्लेख गरेका अनलाइनहरू पनि छन् ।

अस्ति भर्खरै एउटा अङ्ग्रेजी अनलाइन पत्रिकाको लेखमा मेरो नाम उल्लेख भएको देखेँ । उक्त अनलाइनमा रुक्शना कपालीले जनगणनाको पद्धतिबारे रिट निवेदन हालेको भन्ने उल्लेख भएको रहेछ । सो उल्लेख गर्नका लागि मलाई सम्पर्क त गरिएको थिएन, तर यदि कुनै द्वितीय स्रोतको आधार बनाइएकै थियो भने पनि सही ढङ्गले त उल्लेख हुनुपर्थ्यो । मैले जनगणनामा यौन अभिमुखीकरण, लैङ्गिक पहिचान तथा यौन विशेषताको उचित र सही समावेशिताबारे रिट हालेको थिएँ ।

सन् २०२० मा फेरि एक जना चिनेजानेका पत्रकारले नै मेरो समस्याका बारेमा समाचार बनाउन चाहे । चिनेकै मान्छे भएर मैले अन्तर्वार्ता दिएँ । उक्त समाचारमा मलाई 'पारलैङ्गिक महिला' भनेरै सम्बोधन गरियो । तर, उनका अनुसार प्रकाशन शाखाले शीर्षकमा 'तेस्रो लिङ्गी रुक्शना कपाली' भन्ने राखेर झण्डै प्रकाशन गर्न मात्र बाँकी थियो । त्यहाँ उनले आफ्नो सम्पादकलाई बुझाउन हम्मेहम्मे भयो भनी मलाई सुनाए ।

मैले यस्ता घटनाहरू खासै दोहोरिन दिइनँ । मिडिया भनेपछि सचेत र सजग रहेर धेरै विचार गरेर मात्र अन्तर्वार्ता दिन थालेँ । सन् २०२० कै सुरुमा महिला अधिकारमा कार्यरत एक व्यक्तिले एउटा युट्युब मिडियालाई मेरो सम्पर्क नम्बर दिएका रहेछन् । मलाई त्यहाँबाट फोन आयो । लैङ्गिक न्यायकै क्षेत्रमा कार्यरत व्यक्ति भएकाले म अन्तर्वार्ता दिन राजी भएँ र गएँ ।

अन्तर्वार्ताका क्रममा ती पत्रकारहरूले सबै बुझेको जस्तो गरे, तर त्यही रात युट्युबमा 'तेस्रो लिङ्गी' भनेर शीर्षक राखेर प्रकाशन गरिदिए । मैले ठाउँको ठाउँ तिनीहरूलाई फोन गरेँ र तत्काल उक्त भिडियो हटाउन भनेँ । फोनमा लामो चर्काचर्की नै भयो । अन्ततः मैले 'मुद्दा हाल्ने' भनेपछि उक्त भिडियो हटाइयो ।

तर, आफू जति सजग हुन चाहे पनि यी मिडियाहरू अलिक सुरक्षित छन् भन्ने पहिचान गरे पनि कहीँ न कहीँबाट यस्ता घटना दोहोरिइरहे । विगत केही साताअगाडिकै कुरा हो । ट्रान्सजेन्डर पारलैङ्गिक व्यक्तिहरूले स्वास्थ्यक्षेत्रमा भोग्ने समस्याबारे समाचार लेख्ने इच्छा राखेर आएको फोनमा मैले आफूले जानेका सुनेका कुराहरू बताएँ । पछि समाचार सम्प्रेषण हुन्छ, फेरि 'तेस्रो लिङ्गीहरूलाई स्वास्थ्य उपचारमा समस्या' । अब मैले तेस्रो लिङ्गी व्यक्तिहरूसम्बन्धी कुनै जानकारी नै दिएको थिइनँ, तर तेस्रो

लिङ्गीसँग सम्बन्धित समाचारमा मलाई उल्लेख गरेर समाचार सम्प्रेषण भयो । फेरि त्यही विवाद र मेरो अंश हटाइदिन भनेँ । हटाइयो पनि ।

तर, यसरी पटक-पटक दोहोरिने यो घटनामा अझै पनि मिडियाक्षेत्र र सम्बन्धित निकायको ध्यानाकर्षण भएकै छैन । सर्वप्रथम त कुनै व्यक्तिबारे समाचार बनाइन्छ भने उसलाई कसरी सम्बोधन गर्नुपर्छ भनेर सोध्नु त आधारभूत कार्य नै भयो, तर यदि कुनै अरु स्रोतको आधार लिइन्छ भने पनि ती व्यक्ति स्वयम्को ब्लग वा कुनै भरपर्दो स्रोतको आधार त लिनुपर्छ ।

पारलैङ्गिक व्यक्तिहरूको विषय उठान गर्दा 'हामीलाई थाहा छैन, जनचेतना छैन' जस्ता बहानाहरू बनाउने गरिन्छ । एक क्लिकमा सूचना उपलब्ध हुन सक्ने युगमा सञ्चारमाध्यम र त्यस्तै प्रविधिको उपयोग गर्ने वा पहुँच भएकाले यस्तो 'जान्दिनँ' भन्ने बहाना बनाउन सुहाउँदैन । झन् अरू कसैले थाहा नभएको जानकारी तथा विवरणसमेत कोट्याउने क्षमता र कार्यशीलता भएका मिडियाले यस्तो 'जान्दिनँ' भनेर इग्नोरेन्स पाल्नु अझै लज्जास्पद विषय हो ।

कुनै व्यक्तिले आफ्नो लैङ्गिकता कसरी पहिचान गर्दछ र कसरी चिनाउँछ भनी ती व्यक्ति स्वयम्लाई सोध्नुपर्ने विषय हो । यदि थाहा छैन भने अनुमान अड्कलबाजी गर्ने विषय होइन । त्यसमाथि पनि व्यक्ति स्वयम्ले म आफूलाई यसरी पहिचान गर्छु भन्दाभन्दै त्यसविपरीत सम्बोधन गर्नु कहाँसम्मको अपहेलना हो ? र, त्यति मात्र नभएर त्यसरी गलत सम्बोधन हुँदा ध्यानाकर्षण गराउँदासमेत नसच्याउने, 'त्यसरी नै भन्ने गरेका छौँ, त्यस्तै चलन छ' भनेर गल्तीको जिम्मेवारीबाट पन्छिन खोज्नु कहाँसम्मको दुर्व्यवहार हो ?

तेस्रो लिङ्गी र पारलैङ्गिक तात्त्विक रूपमा फरक अर्थ दिने शब्दहरू हुन् । तेस्रो लिङ्गी शब्दले निज महिला वा पुरुषबाहेकको लैङ्गिकता भन्ने बुझाउँछ । यो शब्द सन् २००७ देखि प्रचलनमा देखिन थालेको हो, तर आजसम्म आउँदा यो शब्द पनि खुइलिने क्रममा छ । अब आउने नयाँ पुस्ताले महिला र पुरुषबाहेक गैर-द्वयसांख्यिक (नन्-बाइनेरी) भन्दै चिनाउँदै आएका छन् भने शब्दले नै 'तेस्रो' भनेर जनाउने कि पहिलो ? को दोस्रो ? र, हामी किन तेस्रो ? यो विभेदजन्य शब्दावली हो भन्ने आलोचनाहरू पनि छन् ।

विशेषतः खस-नेपालीको सञ्चारमाध्यममा ट्रान्सजेन्डर व्यक्तिहरूलाई 'तेस्रो लिङ्गी' भनेर सम्बोधन गर्ने अभ्यासले जरा गाडेको पाइन्छ । अङ्ग्रेजी मिडियामा छापिने सोही विषयको समाचार र खस-नेपाली मिडियामा छापिने सोही विषयको समाचारमा यो ठूलो खाडल किन ? अङ्ग्रेजीमा ती

व्यक्ति महिला हुने, तर खस-नेपालीमा तेस्रो लिङ्गी वा अङ्ग्रेजीमा ती व्यक्ति पुरुष हुने, तर खस-नेपालीमा तेस्रो लिङ्गी ।

त्यो कुरा आफ्नै ठाउँमा छ । तर, पारलैङ्गिक भनेको कुनै छुट्टै लैङ्गिकता जनाउने शब्द होइन, एउटा वर्णनकर्ता शब्द मात्र हो । कुनै बच्चा जन्मँदा उसको यौनाङ्गका आधारमा उसलाई महिला वा पुरुष भनी निर्धारण गरिन्छ । यसरी शिशु अवस्थामा गरिएको निर्धारणलाई जन्मँदा इङ्गित गरिएको लैङ्गिकता (जेण्डर एसाइन्ड एट बर्थ) भनिन्छ । कुनै व्यक्तिको स्वअनुभूतिको लैङ्गिकतालाई लैङ्गिक पहिचान भनिन्छ ।

जब कुनै व्यक्तिको जन्मँदा इङ्गित गरिएको लैङ्गिकता र लैङ्गिक पहिचान एउटै हुन्छ, अर्थात् शिशुअवस्थामा पुरुष भनेर अनुमान गरिएको र उसको स्वअनुभूति पनि पुरुष रहेको वा शिशुअवस्थामा महिला भनेर अनुमान गरिएको र उसको स्वअनुभूति पनि महिला रहेको अवस्थामा त्याचलैङ्गिक (सिस्-जेण्डर) व्यक्ति भनिन्छ । तर, कुनै व्यक्तिको जन्मँदा इङ्गित गरिएको लैङ्गिकता र लैङ्गिक पहिचान फरक हुन्छ, अर्थात् शिशुअवस्थामा पुरुष भनेर अनुमान गरिएको र उसको स्वअनुभूति महिला रहेको वा शिशु अवस्थामा महिला भनेर अनुमान गरिएको र उसको स्वअनुभूति पुरुष रहेको अवस्थामा पारलैङ्गिक (ट्रान्स-जेण्डर) व्यक्ति भनिन्छ । यहाँ त्याचलैङ्गिक र पारलैङ्गिक दुवै वर्णनकर्ता शब्द हुन् र व्यक्ति महिला पुरुष भएको तथ्यलाई जन्मँदा इङ्गित गरेको लैङ्गिकताको तुलनामा व्याख्या गर्दछ ।

तर यहाँ विशेषतः खस-नेपालीको सञ्चारमाध्यममा ट्रान्सजेन्डर व्यक्तिहरूलाई 'तेस्रो लिङ्गी' भनेर सम्बोधन गर्ने अभ्यासले जरा गाडेको पाइन्छ । अङ्ग्रेजी मिडियामा छापिने सोही विषयको समाचार र खस-नेपाली मिडियामा छापिने सोही विषयको समाचारमा यो ठूलो खाडल किन ? अङ्ग्रेजीमा ती व्यक्ति महिला हुने, तर खस-नेपालीमा तेस्रो लिङ्गी वा अङ्ग्रेजीमा ती व्यक्ति पुरुष हुने, तर खस-नेपालीमा तेस्रो लिङ्गी । यस्तो गल्ती सञ्चारकर्मीको स्वविवेकले बुझ्नुपर्ने हो ।

यस्ता कुरा उठाउँदा 'पारलैङ्गिक' भन्ने शब्द कसैले नसुनेको र 'तेस्रो लिङ्गी' बोलीचालीको भाषा रहेको तर्क पनि दिने गरिन्छ । सर्वप्रथमतः 'पारलैङ्गिक' शब्द कसैले नसुनेको र 'तेस्रो लिङ्गी' शब्द सबैले जानेको बुझेको भन्ने कुन तथ्याङ्क, अनुसन्धान वा सर्वेक्षणको आधारमा हो ? तेस्रो लिङ्गी शब्द सबैले सुनेको भन्दैमा जो व्यक्ति तेस्रो लिङ्गी नै होइन, उसलाई पनि सम्बोधन गर्न पाइन्छ भन्ने कस्तो मुर्ख्याइँ ? यो त कस्तो भन्दा नेपालमा १२८ जातिहरू छन्, सबै जातिको नाम सबैले सुनेको हुँदैन भनेर हिमाली भेगमा बसोबास गर्ने कुनै अल्पसंख्यक जातिलाई 'शेर्पा' भनिदिन्छु भन्ने तर्कजस्तै भयो ।

त्यसरी 'बोलीचालीको शब्द' भन्ने हो भने अपाङ्गता भएका व्यक्तिहरूलाई जनाउने बोलीचालीका शब्दहरू पूर्णतः त्याग गरी अधिकारकर्मीहरूद्वारा निर्मित सम्मानजनक शब्दावलीहरू प्रयोग प्रचलनमा ल्याएको उदाहरण यही सञ्चारमाध्यममै छ । अहिले पनि समाजमा यस्ता सम्मानजनक शब्दावलीहरू धेरैले जान्दैनन् र प्रयोग गर्दैनन् । बोलीचालीमा छैन भन्ने बहाना यता त मिलेन र सञ्चारमाध्यमले बोलीचालीकै शब्द मात्र प्रयोग गरेको भन्नु ढोंग हो । 'पार्थिव शरीर' बोलीचालीको भाषा हो कि 'लास' ? 'भनेको छु' भन्नु बोलीचालीको भाषा हो कि 'भन्या छु'? 'व्यक्ति' भन्नु बोलीचालीको भाषा हो कि 'मान्छे'?

प्रशासनिक, कानुनी, वैज्ञानिक वा कुनै विशेषज्ञताक्षेत्रको समाचार सम्प्रेषण गर्नुपर्दा उक्त क्षेत्रमा मात्र प्रयोग हुने शब्दावलीहरू प्रयोग नगर्ने हुन् र सञ्चार माध्यमले ? सर्वोच्च अदालतले संसद् विघटनको मुद्दामा एमिकस क्युरी माग गर्दा यो शब्द त कानुनीक्षेत्रमा लागेकाहरूले मात्र बुझ्ने, बोलीचालीको शब्द होइन भनेर प्रयोग नै गरेनन् कि प्रयोग गरेर त्यसको अर्थ बुझाउने प्रयास गरे ? मिडियाका कारण धेरैमाझ पुग्न सकेको शब्दको एउटा उदाहरण त तेस्रो लिङ्गी पनि हो । महिला र पुरुषबाहेकको लैङ्गिकतालाई बोलीचाली र समाजमा प्रचलित अपमानजनक र हेयबोधक शब्दहरू प्रयोग नगरी सञ्चारमाध्यम स्वयम्ले तेस्रो लिङ्गी शब्दको प्रयोग प्रचलन बढाएर अहिले यो शब्द सामान्यकृत भएको छ । नभए तेस्रो लिङ्गी शब्द सन् २००७ भन्दा अघि प्रचलनमा पनि थिएन ।

यसरी सञ्चारमाध्यममा कुनै व्यक्तिको लैङ्गिकतालाई गलत ढङ्गले उल्लेख गर्नु एउटा दुर्व्यवहारयुक्त र हिंसाजन्य कार्य हो । यसले ती व्यक्तिको अस्तित्वलाई त नकार्छ नै, त्यसका साथै ती व्यक्तिको पहिचानविपरीत व्यापक जनमासमा चिन्न चिनाउन बाध्य पनि बनाउँछ । मिडियाको यस्तो हेपाइका कारण ती व्यक्तिको जीवनमा प्रत्यक्ष असर पुग्ने विषय गम्भीर रूपले मनन गर्नुपर्छ । समाजमा भएका मिथ्या विचार तथा भ्रम चिर्ने सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने मिडियाले झनै भ्रम फैलाउने कार्य गर्दा समाजमा भएका यी भ्रमहरू सशक्त भएर विभेद र लाञ्छना अविवृद्धि हुन योगदान पुग्छ ।

कति गाह्रो छ र एक व्यक्तिलाई उसको पहिचानबारे सोधी त्यही कुरा उल्लेख गर्न ? तसर्थ म प्रश्न गर्छु सञ्चारमाध्यमलाई, मेरो लैङ्गिकता किन अमान्य ? म महिला भएको तथ्य किन अमान्य ?

***